# बलेफी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

प्रदेश नं. ३, नेपाल

## आ.व. २०७६/०७७ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

तेश्रो पटक प्रकाशित मिति: २०७६.०९./२७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२) र घ (६) समेतमा भएको व्यवस्था बमोजिम यस बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी नदी र ब्रम्हायणी नदिको विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने नदिजन्य श्रोतहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा, माटो आदि) को शुल्क ३ नं. प्रदेश सरकार, आर्थिक ऐन, २०७५( संशोधित २०७६) को दफा अनुसारको वस्तुमा अनुसूची-५ मा उल्लेखित प्रति इकाई दररेट अनुसार चालु आ.व. २०७६/०७७ का लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

**बोलपत्र फाराम दस्तुर रु. ३०००/- (फिर्ता नहुने गरी)**

| सि. नं | ठेक्का नं | ठेक्काको किसिम | उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक (मू.अ.क. बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१ ०७६/०७७ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा रोडा आदि उत्खनन तथा विक्री शुल्क (खानीक्षेत्र बाहेक) | प्रति घनफिट रु. ९/- | २६,३३०६ | रु.२३,६९,७५४/- | २०७६ माघ १२ गते आइतबार कार्यालय समयभित्र | २०७६ माघ १३ गते सोमबार दिउँसो १२ बजेभित्र | २०७६ माघ १३ गते सोमबार दिउँसो २ बजेपछि |
| **बोलपत्र दस्तुरको लागि:** | | | | | **धरौटीको लागि:** | | | |
| राजश्व शाखा, गाउँ कार्यपालिकाको कार्यालय वा NIC Asia बैंक लि. खाडीचौर शाखा आन्तरिक आम्दानी खाता नं. J४CA०००३५७०५२४०७ | | | | | NIC Asia बैंक लि. खाडीचौर शाखा धरौटी खाता नं. J४CA०००३५७०५२४०५ | | | |

यस सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिनेछ । वा यस कार्यालयको वेभसाइट www.balephimun.gov.np मा पनि हेर्न सकिनेछ ।

शैलेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत